
मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक



संघीय संसद सचिवालय
संसद भवन
सिंहदरबार।

उद्देश्य र कारण

संगठित अपराधको रुपमा विश्वभर फैलिएको मानव बेचबिखनबाट प्रभावित व्यक्तिको आत्मसम्मान, स्वतन्त्रता र मौलिक हकको संरणक्ष गर्ने, बेचबिखनको उच्च जोखिममा रहेका तथा बेचबिखन तथा ओसारपसारमा परेका पीडितको न्यायमा पहुँचको सुनिश्चितत्ता गर्ने, स्वदेशमा वा विदेशमा मानव बेचबिखन तथा ओसारपसारको कसुरको आरोप लागेका ब्यक्तिलाई कानूनको दायरामा ल्याउने, र दण्ड सजायको दायरालाई फराकिलो बनाउने उद्देश्यले यो संशोधन प्रस्ताव गरिएको छ। मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि सङ्घीय संरचना बमोजिम तीन वटै तहमा संयन्त्र निर्माण गरी तीन वटै तहका सरकारलाई जिम्मेवार बनाउन, पीडित तथा प्रभावितको उद्धार तथा पुनर्स्थापना सम्बन्धी कार्यलाई कानूनी रूपमा स्पष्ट गर्न साथै बहुराष्ट्रिय संगठित अपराध विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि अन्तर्गत मानव बेचबिखन, विषेश गरी महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पुरक आलेख (Palermo Protocol) मा भएका प्रावधानलाई ऐनमा समेट्न र यस ऐनलाई मानव बेचबिखन विरूद्धको राष्ट्रिय नीति, २०८२ अनुकूल बनाउन आवश्यक भएकोले प्रस्तुत "मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन,२०६४ लाई संशोधन गर्न बनेको विधेयक" सङ्घीय संसदमा पेस गर्नु परेको हो।

सिता बादी
मन्त्री
महिला, बालबालिका, लैङ्गिक तथा यौनिक
अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय

आर्थिक टिप्पणी

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ कार्यान्वयनमा रहेको र प्रस्तुत संशोधन विधेयकमा नेपाल सरकारलाई थप आर्थिक भार पर्ने ठुला संरचना वा कार्यक्रमको प्रस्ताव नगरिएकोले प्रस्तावित संशोधनका विषय हाल विद्यमान प्रशासनिक तथा सांगठनिक संरचनाबाट नै कार्यान्वयन गर्न सकिने भएकोले यस संशोधन विधेयकबाट नेपाल सरकारलाई कुनै थप आर्थिक दायित्व पर्ने अवस्था देखिदैन। संशोधन प्रस्तावमा यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको काम कारवाहीमा दोभाषे, सांकेतिक भाषा विज्ञ वा अनुवादक राख्न पर्ने अवस्थामा कुनै पीडित, आरोपित व्यक्ति वा मुद्दाका साक्षीले त्यस्तो दोभाषे, सांकेतिक भाषा विज्ञ वा अनुवादक राख्न नसक्ने अवस्थामा नेपाल सरकारका तर्फबाट त्यस्तो सुविधा उपलब्ध हुने प्रस्तावित व्यवस्थाका सम्बन्धमा नेपाल सरकारलाई थप आर्थिक दायित्व पर्ने देखिन्छ ।

सैद्धान्तिक अवधारणा

विश्वव्यापी संगठित अपराधको रुपमा फैलिएको बहुआयामिक र बहुक्षेत्रगत अपराध मानव बेचबिखन तथा ओसारपसारको प्रवृत्ति र आयाम समेत परिवर्तन भईरहेको वर्तमान सन्दर्भमा यस अपराधको नियन्त्रण र पीडित वा प्रभावितको संरक्षण तथा पारिवारिक पुनर्मिलन र सामाजिक पुनर्स्थापनाको सुनिश्चित गर्न र नेपालको संविधान बमोजिम कानूनमा समयसापेक्ष संशोधन गर्न तथा मानव बेचबिखन नियन्त्रण र मानव अधिकार संरक्षणको क्षेत्रमा नेपाल सरकारले गरेको अन्तर्राष्ट्रिय प्रतिवद्धता पुरा गर्न आवश्यक भएकोले सरोकारवाला निकायको राय परामर्श समेतको आधारमा प्रस्तुत संशोधन विधेयकको मस्यौदा तयार भएको र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लाई संशोधन गर्न बनेको संशोधन विधेयक मस्यौदा नेपाल सरकार, मन्त्रीपरिषद्बाट सङ्घीय संसदमा पेस गर्न मिति २०८३।०४।१३ मा स्वीकृति प्राप्त भएकोले प्रस्तुत विधेयक पेस गरिएको छ।

प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

सिं. नं.	दफा	प्रत्यायोजित व्यवस्थापनको कारण	प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाईने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
१	दफा ११ को उपदफा (३)	दोभाषे, सांकेतिक भाषा विज्ञ वा अनुवादकको पारिश्रमिकको व्यवस्था गर्न।	दोभाषे, सांकेतिक भाषा विज्ञ वा अनुवादकको पारिश्रमिक र पारिश्रमिकको व्यवस्था गर्ने निकाय तोकिने।	पीडितको न्यायमा पहुँचको सुनिश्चित्तता हुने।
२	दफा १२ को उपदफा (८)	पीडितको उद्धार तथा पुनर्स्थापना सम्बन्धी व्यवस्था गर्न।	पीडितको उद्धार पश्चात पुनर्स्थापना गर्न र पुनर्स्थापना केन्द्र स्थापना तथा संचालन सम्बन्धी व्यवस्था गरिने।	पीडितको उद्धार तथा पुनर्स्थापना कार्य व्यवस्थित र सुनिश्चित हुने।

व्याख्यात्मक टिप्पणी

दफा	दफा शिर्षक	व्याख्यात्मक टिप्पणी
१	संक्षिप्त नाम, विस्तार र प्रारम्भ	• यस ऐनको नाम "मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) (पहिलो संशोधन) ऐन, २०८३" रहेको र यो ऐन प्रमाणिकरण भएपछि तुरुन्त प्रारम्भ हुनेछ।
२	मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन,२०६४ को दफा १ मा संशोधन	• नेपाल बाहिर बसी नेपाली नागरिक विरूद्ध यस ऐन बमोजिमको कसूर गर्ने जुनसुकै व्यक्तिको हकमा यस ऐन लागू हुने व्यवस्था रहेकोमा नेपाल बाहिर बसी जुनसुकै व्यक्ति विरुद्ध यस ऐन बमोजिमको कसूर गर्ने नेपाली नागरिकको हकमा समेत यो ऐन लागू हने व्यवस्था गरिएको छ।
३	मूल ऐनको दफा २ मा संशोधन	• प्रस्तुत ऐनमा परिभाषाद्धारा स्पष्ट पार्नुपर्ने जिल्ला समिति, प्रदेश समिति, राष्ट्रिय समिति, शोषण, स्थानीय समितिलाई यस दफामा परिभाषित गरिएको छ।
४	मूल ऐनको दफा ४ मा संशोधन	• किन्ने वा बेच्ने उद्देश्यले कसैलाई नेपाल भित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजाने र विदेशबाट नेपाल ल्याउनेलाई समेत ओसारपसारको कसुर कायम गरिएको छ। • खण्ड (ख) मा प्रतिबन्धात्मक वाक्यांश थप गरी बालबालिकाको हक सुनिश्चित गरिएको छ।
५	मूल ऐनको दफा ५ मा संशोधन	• उजूर गर्ने व्यक्तिको नाम, थर, वतन तथा पहिचान खुल्ने अन्य विवरण उजूर दर्ता गर्ने प्रहरी कार्यालयले गोप्य राख्नु पर्ने व्यवस्था गरिएको छ।
६	मूल ऐनमा दफा ८क. थप	• मानव बेचबिखन वा ओसारपसार सम्बन्धी कसूरको आरोप लागेको व्यक्ति पक्राउ नपरी फरार रहेमा त्यस्तो व्यक्तिको हकको सम्पत्ति वा निजको राहदानी रोक्का राख्नका लागि अनुसन्धान अधिकारीले अदालतमा निवेदन दिन सक्ने र अदालतले रोक्काकों आदेश दिन सक्ने व्यवस्था थपिएको छ।
७	मूल ऐनको दफा ११ मा संशोधन	• कसूर सम्बन्धी मुद्दाको काम कारवाहीमा प्रयोग हुने भाषा नबुझ्ने पीडित, आरोपित व्यक्ति वा मुद्दाको साक्षीका लागि दोभाषे, सांकेतिक भाषा विज्ञ वा अनुवादक राख्न सक्ने व्यवस्था सुनिश्चित गरिएको छ।
८	मूल ऐनको दफा १२ मा संशोधन	• उद्धार तथा पुनर्स्थापना सम्बन्धी कार्य सम्बन्धी व्यवस्था स्पष्ट पारिएको छ ।

९	मूल ऐनको दफा १४ मा संशोधन	• पीडितको उद्धार, स्वदेश फिर्ती तथा पुनर्स्थापना गर्न र पुनर्स्थाना केन्द्र सञ्चालनमा सहयोग गर्न पुनर्स्थापना कोषको व्यवस्था गरिएको छ।
१०	मूल ऐनको दफा १५ मा संशोधन	• मानव बेचबिखन तथा ओसारपसारको कसूर गर्ने व्यक्तिलाई ब्यवस्था भएको सजायको दायरा फराकिलो पारिएको छ।
१२	मूल ऐनको दफा १७ मा संशोधन	• पीडित र बालबालिकाको उच्चतम हितको मूल्याङ्कन गरी क्षतिपूर्ति भराईदिने ब्यवस्था सुनिश्चित गरिएको छ।
१३	मूल ऐनमा दफा २०क. थप	• पीडितको पहिचानको गोप्यता सुनिश्चित गरिएको छ। साथै अभियुक्तको पहिचान खुलाउदा पीडितको समेत पहिचान खुल्ने अवस्था भएमा अभियुक्तको समेत विवरण गोप्य राख्ने व्यवस्था गरिएको छ।
१४	मूल ऐनमा दफा २३ मा संशोधन	• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्न जिल्ला समितिको गठनलाई अनिवार्य गरिएको छ।
१५	मूल ऐनमा दफा २३क. र २३ख. थप	• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्न प्रदेश समिति र स्थानीय समितिको गठनको ब्यवस्था थप गरिएको छ।
१६	मूल ऐनको दफा २५ मा संशोधन	• पीडित र बालबालिकाको गोपनीयताको हकलाई सुनिश्चित गरिएको छ ।
१७	मूल ऐनमा दफा २७क. थप	• मानव बेचबिखन तथा ओसारपसारको रोकथाम र नियन्त्रणको लागि अन्तर्राष्ट्रिय सिमाना र अन्तर्राष्ट्रिय विमानस्थल र मानव बेचबिखन तथा ओसारपसार सम्भावित स्थलमा निगरानी गर्ने व्यवस्था थप गरिएको छ।
१८	मूल ऐनमा दफा २९क. थप	• यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही मन्त्रालयले आवश्यकता अनुसार निर्देशिका वा मापदण्ड बनाउन सक्ने व्यवस्था थप गरिएको छ।
१९	रूपान्तर	• "पुनर्स्थापन कोष" भन्ने शब्दहरूको सट्टा "पुनर्स्थापना कोष" गरी एकरुपता कायम गरिएको छ।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना : मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसद्ले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) (पहिलो संशोधन) ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन,२०६४ को दफा १ मा संशोधन :** मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ (यसपछि "मूल ऐन" भनिएको) को दफा १ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

"(३) यो ऐन नेपालभर लागू हुनेछ र नेपाल बाहिर बसी नेपाली नागरिक विरूद्ध यस ऐन बमोजिमको कसूर गर्ने जुनसुकै व्यक्ति वा नेपाल बाहिर बसी जुनसुकै व्यक्ति विरुद्ध यस ऐन बमोजिमको कसूर गर्ने नेपाली नागरिकको हकमा समेत लागू हुनेछ।"

३. **मूल ऐनको दफा २ मा संशोधन :** मूल ऐनको दफा २ को,-

(१) खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छ :-

"(ख१) "जिल्ला समिति" भन्नाले दफा २३ को उपदफा (१) बमोजिमको जिल्ला समिति सम्झनु पर्छ।

(२) खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छ :-

(ग१) "प्रदेश समिति" भन्नाले दफा २३क. बमोजिमको प्रदेश समिति सम्झनु पर्छ।"

(३) खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छ :-

"(घ१) "राष्ट्रिय समिति" भन्नाले दफा २३ को उपदफा (१) बमोजिमको राष्ट्रिय समिति सम्झनु पर्छ।"

(४) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छ :-

"(ङ) "शोषण" भन्नाले दास वा बाँधा बनाउने वा त्यस्तो हैसियतमा राख्ने, वेश्यावृत्तिमा लगाउने, विद्युतीय वा अन्य कुनै माध्यम प्रयोग गरी वा नगरी यौन शोषण गर्ने, प्रचलित कानूनबमोजिम बाहेक मानिसको अङ्ग झिक्ने वा जबरजस्ती श्रममा लगाउने कार्य सम्झनु पर्छ।"

(५) खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छ :-

"(ङ१) "स्थानीय समिति" भन्नाले दफा २३ख. बमोजिमको स्थानीय समिति सम्झनु पर्छ।"

४. **मूल ऐनको दफा ४ मा संशोधन** : मूल ऐनको दफा ४ को उपदफा (२) को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) "किन्ने वा बेच्ने उद्देश्यले कसैलाई नेपाल भित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा विदेशबाट नेपाल ल्याउने।"

(२) खण्ड (ख) मा रहेका "कुनै स्थानमा राख्ने" भन्ने शब्दहरू पछि "वा भर्ना गर्ने" भन्ने शब्दहरू थपी सोही खण्डको अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर बालबालिकाको सहमति भए तापनि शोषण गर्ने उद्देश्यले बालबालिकालाई निज बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने, आफूसँग राख्ने, आफ्नो नियन्त्रणमा लिने, कुनै स्थानमा राख्ने वा भर्ना गर्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने कार्य गरेमा यस खण्डमा उल्लिखित कुनै माध्यमको प्रयोग भएको रहेनछ भने पनि ओसारपसार गरेको मानिनेछ।"

५. **मूल ऐनको दफा ५ मा संशोधन** : मूल ऐनको दफा ५ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा (१) बमोजिम उजुर गर्ने व्यक्तिको नाम, थर, वतन तथा पहिचान खुल्ने अन्य विवरण उजुर दर्ता गर्ने प्रहरी कार्यालयले गोप्य राख्नु पर्नेछ।"

६. **मूल ऐनमा दफा ८क. थप** : मूल ऐनको दफा ८ पछि देहायको दफा ८क. थपिएको छ :-

"८क. **सम्पत्ति वा राहदानी रोक्का राख्नसक्ने** : (१) मानव बेचबिखन वा ओसारपसार सम्बन्धी कसूरको आरोप लागेको व्यक्ति पक्राउ नपरी फरार रहेमा त्यस्तो व्यक्तिको हकको सम्पत्ति वा निजको राहदानी रोक्का राख्नको लागि अनुसन्धान अधिकारीले अदालतमा निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा अदालतले फरार रहेको व्यक्तिको हकको सम्पत्ति वा राहदानी रोक्का राख्ने आदेश दिन सक्नेछ।"

७. **मूल ऐनको दफा ११ मा संशोधन** : मूल ऐनको दफा ११ को सट्टा देहायको दफा ११ राखिएको छ :-

"११. **दोभाषे, साङ्केतिक भाषा विज्ञ वा अनुवादक राख्नसक्ने** : (१) यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको काम कारबाहीमा प्रयोग हुने भाषा पीडित, आरोपित व्यक्ति वा मुद्दाको साक्षीले नबुझ्ने भएमा निजले दोभाषे, साङ्केतिक भाषा विज्ञ वा अनुवादक राख्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै पीडित, आरोपित व्यक्ति वा मुद्दाका साक्षीले त्यस्तो दोभाषे, साङ्केतिक भाषा विज्ञ वा अनुवादक राख्न नसक्ने अवस्थामा नेपाल सरकारको तर्फबाट त्यस्तो सुविधा उपलब्ध हुनेछ।

(३) दोभाषे, साङ्केतिक भाषा विज्ञ वा अनुवादक सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।"

८. **मूल ऐनको दफा १२ मा संशोधन** : मूल ऐनको दफा १२ को सट्टा देहायको दफा १२ राखिएको छ :-

"१२. **उद्धार तथा पुनर्स्थापना सम्बन्धी कार्य** : (१) कुनै व्यक्ति नेपालभित्र मानव बेचबिखन वा ओसारपसारमा परेको सूचना प्राप्त भएमा जिल्ला समितिले प्रदेश समिति र स्थानीय समितिको सहयोग तथा समन्वयमा त्यस्तो व्यक्तिको तत्काल उद्धार गरी निजको पुनर्स्थापनाको लागि राष्ट्रिय समितिसँग समन्वय गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम उद्धार गरिएको व्यक्ति विदेशी नागरिक रहेछ भने त्यस्तो व्यक्तिको व्यवस्थापनको लागि जिल्ला समितिले राष्ट्रिय समितिलाई लेखी पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम लेखी आएमा राष्ट्रिय समितिले उद्धार गरेको व्यक्ति नेपालमा प्रवेश गर्दाको बखत जुन मुलुकको नागरिक रहेको थियो सोही मुलुक वा जुन मुलुकमा त्यस्तो व्यक्तिको स्थायी बसोबासको अधिकार रहेको थियो सोही मुलुकमा निजलाई फिर्ता पठाउनको लागि नेपाल सरकारसमक्ष सिफारिस गर्नेछ।

(४) उपदफा (३) बमोजिम फिर्ता पठाउन सिफारिस भएको व्यक्तिलाई नेपाल सरकारले सम्बन्धित मुलुकसँग कूटनीतिक माध्यमबाट समन्वय गरी फिर्ता पठाउनेछ।

(५) राष्ट्रिय समितिले मानव बेचबिखन वा ओसारपसारमा परी नेपाल प्रवेश गरेको कुनै विदेशीलाई अध्यागमन सम्बन्धी प्रचलित कानूनबमोजिम भिसा शुल्क र जरिबाना छुट गरी सम्बन्धित मुलुकमा फिर्ता पठाउनको लागि गृह मन्त्रालय मार्फत अध्यागमन विभागमा सिफारिस गर्न सक्नेछ।

(६) कुनै नेपाली नागरिक विदेशमा मानव बेचबिखन वा ओसारपसारमा परेको जानकारी प्राप्त भएमा राष्ट्रिय समितिले त्यस्तो नेपाली नागरिकको तत्काल उद्धार गर्ने व्यवस्था गर्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिम नेपाली नागरिकको उद्धार गर्दा लाग्ने रकम पुनर्स्थापना कोषबाट बेहोरिनेछ।

(८) पीडितको उद्धार तथा पुनर्स्थापना सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।"

९. **मूल ऐनको दफा १३ मा संशोधन** : मूल ऐनको दफा १३ को उपदफा (३) मा रहेका "तोकिदिए बमोजिम" भन्ने शब्दहरूको सट्टा "पुनर्स्थापना कोषमार्फत तोकिएबमोजिम" भन्ने शब्दहरू राखिएका छन्।

१०. **मूल ऐनको दफा १४ मा संशोधन** : मूल ऐनको दफा १४ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) पीडितको उद्धार, स्वदेश फिर्ति तथा पुनर्थापना गर्न र पुनर्स्थापना केन्द्र सञ्चालनमा सहयोग गर्न एक पुनर्स्थापना कोष रहनेछ।"

११. <u>मूल ऐनको दफा १५ मा संशोधन</u> : मूल ऐनको दफा १५ को,-

(१) उपदफा (१) को सट्टा देहाय बमोजिमको उपदफा (१) राखिएको छ :-

"(१) दफा ३ बमोजिमको कसूर गर्ने व्यक्तिलाई देहायबमोजिम सजाय हुनेछ :-

(क) मानिस किन्ने वा बेच्नेलाई बीस वर्ष कैद र चार लाख रूपैयाँ जरिबाना,

(ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउनेलाई कसूरको मात्राअनुसार दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र एक लाख रूपैयाँदेखि दुई लाख रूपैयाँसम्म जरिबाना,

(ग) प्रचलित कानूनबमोजिम बाहेक मानिसको अङ्ग झिक्नेलाई दश वर्ष कैद र चार लाख रूपैयाँदेखि दश लाख रूपैयाँसम्म जरिबाना,

(घ) वेश्यागमन गर्नेलाई दुई महिनादेखि छ महिनासम्म कैद र पचास हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिबाना,

(ङ) किन्ने, बेच्ने वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले कुनै मानिसलाई,-

(१) विदेश लैजाने वा विदेशबाट ल्याउनेलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र एक लाख रूपैयाँदेखि दुई लाख रूपैयाँसम्म जरिबाना र बालबालिकालाई विदेश लैजाने वा विदेशबाट ल्याउनेलाई पन्ध्र वर्षदेखि बीस वर्षसम्म कैद र दुई लाख रूपैयाँदेखि चार लाख रूपैयाँसम्म जरिबाना,

(२) नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई पाँच वर्षदेखि दश वर्षसम्म कैद र एक लाख रूपैयाँदेखि दुई लाख रूपैयाँसम्म जरिबाना र बालबालिकालाई त्यसरी लैजानेलाई दश वर्षदेखि बाह्र वर्षसम्म कैद र दुई लाख रूपैयाँदेखि तीन लाख रूपैयाँसम्म जरिबाना,

(च) शोषण गर्ने उद्देश्यले दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिम नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई एक वर्षदेखि दुई वर्षसम्म कैद र पचास हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिबाना र विदेश लगेको भए दुई वर्षदेखि पाँच वर्षसम्म कैद र एक लाख रूपैयाँदेखि दुई लाख रूपैयाँसम्म जरिबाना,

(छ) खण्ड (ङ) र (च) मा लेखिएदेखि बाहेक दफा ४ को उपदफा (२) को खण्ड (ख), (ग) वा (घ) बमोजिमको कसूर गर्नेलाई सात वर्षदेखि दश वर्षसम्म कैद र एक लाख रूपैयाँदेखि दुई लाख रूपैयाँसम्म जरिबाना,

(ज) मानव बेचबिखन वा ओसारपसारको कसूर गर्न दुरुत्साहन, षड्यन्त्र वा उद्योग गर्नेलाई वा त्यस्तो कसूरको मतियारलाई सो कसूर गर्दा हुने सजायको आधा सजाय।"

(२) उपदफा (६) पछि देहायका उपदफा (७) र (८) थपिएका छन् :-

"(७) दफा २५ विपरीत पीडितको वास्तविक नाम, तस्बिर वा अन्य विवरण कुनै पनि माध्यमबाट छाप्ने, प्रचार प्रसार गर्ने वा सार्वजनिक रूपमा प्रकट गर्ने व्यक्तिलाई तीन महिनादेखि छ महिनासम्म कैद वा पचास हजार रूपैयाँदेखि एक लाख पचास हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(८) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा २५ विपरीत पीडित बालबालिकाको वास्तविक नाम, तस्बिर वा अन्य विवरण छाप्ने, प्रचार प्रसार गर्ने वा सार्वजनिक रूपमा प्रकट गर्ने व्यक्तिलाई छ महिनादेखि एक वर्षसम्म कैद वा एक लाख रूपैयाँदेखि दुई लाख रूपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।"

१२. **मूल ऐनको दफा १७ मा संशोधन** : मूल ऐनको दफा १७ को,-

(१) उपदफा (१) मा रहेका "जरिबानाको पचास प्रतिशत बराबरको" भन्ने शब्दहरूको सट्टा "जरिबाना बराबरको" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (१क) पछि देहायको उपदफा (१ख) थपिएको छ :-

"(१ख) उपदफा (१) बमोजिम आदेश गर्दा पीडितले भोगेको शारीरिक, मानसिक, आर्थिक र सामाजिक क्षति तथा बालबालिका पीडित भएकोमा त्यस्तो बालबालिकाको उच्चतम हितसमेत मूल्याङ्कन गरी क्षतिपूर्ति भराइदिने आदेश गर्नु पर्नेछ।"

(३) उपदफा (२) मा रहेका "निजको नावालक छोरा छोरीलाई" भन्ने शब्दहरूको सट्टा "निजको पति वा पत्नीलाई र त्यस्तो पति वा पत्नी नभए निजको छोरा वा छोरीलाई" भन्ने शब्दहरू राखिएका छन्।

(४) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

"(३) उपदफा (२) बमोजिम क्षतिपूर्तिको रकम पाउने व्यक्ति नभएमा वा क्षतिपूर्तिको रकम पाउने व्यक्ति आफैं कसूरदार रहेको, कसूर गर्न सहयोग गरेको वा कसूरमा संलग्न भएको भएमा क्षतिपूर्तिको रकम दफा १४ बमोजिमको पुनर्स्थापना कोषमा जम्मा गर्नु पर्नेछ।"

१३. **मूल ऐनमा दफा २०क. थप**: मूल ऐनको दफा २० पछि देहायको दफा २०क. थपिएको छः-

"२०क. **विवरण गोप्य राख्नुपर्ने** : (१) केन्द्रको संरक्षणमा रहने पीडितको नाम, थर, वतन तथा निजको पहिचान खुल्ने अन्य विवरण र सो सम्बन्धी अभिलेख समेत केन्द्रले गोप्य राख्नु पर्नेछ।

(२) मानव बेचबिखन वा ओसारपसारको मुद्दाको अभियुक्तको पहिचान खुलाउँदा पीडितको पहिचान समेत खुल्न जाने अवस्था भएमा त्यस्तो अभियुक्तको विवरण समेत गोप्य राख्नु पर्नेछ।"

१४. **मूल ऐनको दफा २३ मा संशोधन** : मूल ऐनको दफा २३ को उपदफा (१) मा रहेका "आवश्यकताअनुसार जिल्ला समिति गठन गर्न सक्नेछ" भन्ने शब्दहरूको सट्टा "प्रत्येक जिल्लामा जिल्ला समिति गठन गर्नेछ।"

१५. **मूल ऐनमा दफा २३क. र २३ख. थप** : मूल ऐनको दफा २३ पछि देहायका दफा २३क. र २३ख. थपिएका छन्:-

"**२३क. प्रदेश समिति** : (१) यस ऐन बमोजिमको कसूर नियन्त्रण गर्ने तथा पीडितको उद्धार तथा पुनर्स्थापना गर्ने कार्यमा प्रदेशस्तरको सरकारी निकाय तथा गैरसरकारी संस्थाबीच समन्वय गर्नको लागि प्रत्येक प्रदेशमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको विषय हेर्ने सचिवको अध्यक्षतामा प्रदेश समिति गठन हुनेछ।

(२) प्रदेश समितिको गठन, बैठक तथा काम कारबाही सम्बन्धी अन्य व्यवस्था प्रदेश कानूनमा व्यवस्था भए बमोजिम हुनेछ र प्रदेश कानूनमा व्यवस्था नभएसम्मको लागि प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी निर्धारण गरेबमोजिम हुनेछ।

२३ख. स्थानीय समिति : (१) यस ऐन बमोजिमको कसूर नियन्त्रण गर्ने तथा पीडितको उद्धार तथा पुनर्स्थापना गर्ने कार्यमा स्थानीय तहभित्रका सरकारी निकाय तथा गैरसरकारी संस्थाबीच समन्वय गर्नको लागि प्रत्येक स्थानीय तहमा गाँउ कार्यपालिकाको अध्यक्ष वा उपाध्यक्ष वा नगर कार्यपालिकाको प्रमुख वा उपप्रमुखको अध्यक्षतामा स्थानीय समिति गठन हुनेछ।

(२) स्थानीय समितिको गठन, बैठक तथा काम कारबाही सम्बन्धी अन्य व्यवस्था स्थानीय कानूनमा व्यवस्था भए बमोजिम हुनेछ र स्थानीय कानूनमा व्यवस्था नभएसम्मको लागि स्थानीय तहले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी निर्धारण गरेबमोजिम हुनेछ।"

१६. **मूल ऐनको दफा २५ मा संशोधन** : मूल ऐनको दफा २५ को सट्टा देहायको दफा २५ राखिएको छ :-

"**२५. प्रचार प्रसार गर्न नहुने** : (१) कसैले पीडितको स्वीकृति नलिई निजको वास्तविक नाम, तस्बिर वा निजको चरित्रमा प्रतिकूल हुने कुनै विवरण पत्रपत्रिकामा छाप्न, अन्य सञ्चार माध्यमबाट प्रचार प्रसार गर्न वा सार्वजनिक रूपमा प्रकट गर्न हुँदैन।

(२) उपदफा (१) को प्रयोजनको लागि बालबालिकाले दिएको स्वीकृतिलाई स्वीकृति मानिनेछैन।"

१७. **मूल ऐनको दफा २७ मा संशोधन** : मूल ऐनको दफा २७ को उपदफा (२) मा रहेका "कानून व्यवसायी" भन्ने शब्दहरू पछि "तथा मनोविमर्शकर्ता" भन्ने शब्दहरू थपिएका छन्।

१८. **मूल ऐनमा दफा २७क.थप** : मूल ऐनको दफा २७ पछि देहायको दफा २७क. थपिएको छ :-

"२७क. **निगरानीको व्यवस्था गर्ने** : (१) नेपाल सरकारले मानव बेचबिखन तथा ओसारपसारको रोकथाम र नियन्त्रणको लागि अन्तर्राष्ट्रिय सिमाना, अन्तर्राष्ट्रिय विमानस्थल र मानव बेचबिखन तथा ओसारपसार सम्भावित स्थलमा निगरानीको व्यवस्था गर्नेछ।

(२) उपदफा (१) बमोजिम निगरानी गर्दा मानव बेचबिखन वा ओसारपसारको कसूर भएको वा हुन लागेको शङ्का लागेमा निगरानी गर्न खटिएको अधिकारीले सोको सूचना त्यस्तो कसूरको अनुसन्धान गर्ने अधिकारप्राप्त अधिकारी वा नजिकको प्रहरी कार्यालयमा तुरुन्त दिनु पर्नेछ।"

१९. **मूल ऐनमा दफा २९क. थप** : मूल ऐनको दफा २९ पछि देहायको दफा २९क. थपिएको छ :-

"२९क. **निर्देशिका र मापदण्ड बनाउने अधिकार** : यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही मन्त्रालयले आवश्यकता अनुसार निर्देशिका वा मापदण्ड बनाउन सक्नेछ।"

२०. **रूपान्तर** : मूल ऐनको ठाउँ ठाउँमा रहेका "पुनर्स्थापन कोष" भन्ने शब्दहरूको सट्टा "पुनर्स्थापना कोष" भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ।

"मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४" पहिलो संशोधन मस्यौदा				
क्र. सं	**दफा**	**हालको व्यवस्था**	**प्रस्तावित व्यवस्था**	**संशोधन गर्नु पर्नाको कारण**
१.	दफा १ को उपदफा (३)	(३) यो ऐन नेपालभर लागू हुनेछ र नेपाल बाहिर बसी नेपाली नागरिक विरूद्ध यस ऐन बमोजिम कसूर गर्ने जुनसुकै व्यक्तिको हकमा समेत लागू हुनेछ।	मूल ऐनको दफा १ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः- "(३) यो ऐन नेपालभर लागू हुनेछ र नेपाल बाहिर बसी नेपाली नागरिक विरूद्ध यस ऐन बमोजिमको कसुर गर्ने जुनसुकै ब्यक्ति वा नेपाल बाहिर बसी जुनसुकै व्यक्ति विरूद्ध यस ऐन बमोजिमको कसूर गर्ने नेपाली नागरिकको हकमा समेत लागू हुनेछ।"	नेपालभित्र वा नेपाल बाहिर बस्ने नेपाली नागरिकले अन्य कुनै व्यक्ति वा नेपाली नागरिकका विरूद्ध यस ऐन बमोजिमको कसूर गरेमा सजाय हुन सक्ने गरी व्यवस्था गर्नुपर्ने भएकाले।
२.	दफा २ मा संशोधन	(ख१), (ग१) र (घ१) थप ।	**<u>मूल ऐनको दफा २ मा संशोधनः</u>** मूल ऐनको दफा २ को,- (१) खण्ड (ख) पछि देहायका खण्ड (ख१) थपिएको छः- "(ख१) "जिल्ला समिति" भन्नाले दफा २३ को उपदफा १ बमोजिमको जिल्ला समिति सम्झनु पर्छ। (२) खण्ड (ग) पछि देहायका खण्ड (ग१) थपिएको छः- (ग१) "प्रदेश समिति" भन्नाले दफा २३क. बमोजिमको प्रदेश समिति सम्झनु पर्छ।" (३) खण्ड (घ) पछि देहायका खण्ड (घ१) थपिएको छः- "(घ१) "राष्ट्रिय समिति" भन्नाले दफा २३ को	- जिल्ला समिति, प्रदेश समिति, राष्ट्रिय समिति र स्थानीय समितिको परिभाषा गर्नु पर्ने भएकोले। - "शोषण" को परिभाषालाई नेपालको संविधानको धारा २९ को शोषण विरूद्धको हक तथा बहुराष्ट्रिय संगठित अपराध विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि अन्तर्गत मानव बेचबिखन, विषेश गरी महिला र बालबालिकाको बेचबिखन तथा

		(ङ) "शोषण" भन्नाले दास तुल्याउने, बाँधा बनाउने कार्य सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने कार्य समेतलाई जनाउँछ। खण्ड (ङ१) थप।	उपदफा (१) बमोजिमको राष्ट्रिय समिति सम्झनु पर्छ।" (४) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः- "(ङ) "शोषण" भन्नाले दास वा बाँधा बनाउने वा त्यस्तो हैसियतमा राख्ने, वेश्यावृत्तिमा लगाउने, विद्युतीय वा अन्य कुनै माध्यम प्रयोग गरी वा नगरी यौन शोषण गर्ने, प्रचलित कानूनबमोजिम बाहेक मानिसको अङ्ग झिक्ने वा जबरजस्ती श्रममा लगाउने कार्य सम्झनु पर्छ।" (५) खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छः- "(ङ१) "स्थानीय समिति" भन्नाले दफा २३ख. बमोजिमको स्थानीय समिति सम्झनु पर्छ।"	ओसारपसारको रोकथाम, दमन तथा सजायका सम्बन्धमा व्यवस्था भएको पुरक आलेख (Palermo Protocol) को धारा धारा ३ (क) ले गरेको व्यवस्था बमोजिम परिमार्जन गर्न आवश्यक भएकोले।
३.	दफा ४	दफा ४ को उपदफा (२) को खण्ड (क) किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने, (ख) वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई,	**<u>मूल ऐनको दफा ४ मा संशोधनः</u>** मूल ऐनको दफा ४ को उपदफा (२) को,- (१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः- "(क) "किन्ने वा बेच्ने उद्देश्यले कसैलाई नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने र विदेशबाट नेपाल ल्याउने।" **२१.** खण्ड (ख) मा रहेका "कुनै स्थानमा राख्ने" भन्ने शब्दहरू पछि " वा भर्ना गर्ने" भन्ने शब्दहरू थपी सोही खण्डको अन्त्यमा	- पालेर्मो प्रोटोकलको धारा ३ को खण्ड (क) र (ख) ले गरेको व्यवस्था अनुसार मानव बेचबिखन तथा ओसारपसारका विभिन्न प्रक्रिया, माध्यम र उद्देश्यलाई समष्टिगत रूपमा कानूनी दायराभित्र ल्याई सम्बोधन गर्न आवश्यक भएकाले । - पालेर्मो प्रोटोकलको धारा

		जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरुपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरु कसैलाई दिने ।	देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :- "तर बालबालिकाको सहमति भएता पनि शोषण गर्ने उद्देश्यले बालबालिकालाई निज बसीरहेको घर, स्थान वा व्यक्तिबाट छुट्टाई लग्ने, आफूसँग राख्ने, आफ्नो नियन्त्रणमा लिने, कुनै स्थानमा राख्ने वा भर्ना गर्ने वा नेपाल भित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरु कसैलाई दिने कार्य गरेमा यस खण्डमा उल्लिखित कुनै माध्यमको प्रयोग भएको रहेनछ भने पनि ओसारपसार गरेको मानिनेछ।"	३ को खण्ड (ग) ले गरेको व्यवस्था बमोजिम शोषणको उद्देश्यले बालबालिकालाई प्रयोग गरे पनि मानव बेचबिखन वा ओसारपसार गरेको मानिने विषयलाई कानूनी दायराभित्र ल्याई सम्बोधन गर्न आवश्यक भएकाले ।
४.	दफा ५	दफा ५ को उपदफा (२) उपदफा (१) बमोजिम उजुर गर्ने व्यक्तिले आफ्नो नाम गोप्य राखिदिन लिखित अनुरोध गरेमा उजुर दर्ता गर्ने प्रहरी कार्यालयले निजको नाम गोप्य राखिदिनुपर्नेछ।	**<u>मूल ऐनको दफा ५ मा संशोधनः</u>** मूल ऐनको दफा ५ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :- "(२) उपदफा (१) बमोजिम उजूर गर्ने व्यक्तिको नाम, थर, वतन तथा पहिचान खुल्ने अन्य विवरण उजूर दर्ता गर्ने प्रहरी कार्यालयले गोप्य राख्नु पर्नेछ।"	- पीडितलाई थप आघात पर्न नदिनको लागि उजुरीलाई गोप्य राखी निजको संरक्षण गर्न आवश्यक भएकोले।

५.	दफा ८क.	मूल ऐनमा दफा ८क. थप	**<u>मूल ऐनमा दफा ८क. थपः</u>** मूल ऐनको दफा ८ पछि देहायको दफा ८क. थपिएको छः- "८क. <u>सम्पत्ति वा राहदानी रोक्का राख्नसक्नेः</u> (१) मानव बेचबिखन वा ओसारपसार सम्बन्धी कसूरको आरोप लागेको व्यक्ति पक्राउ नपरी फरार रहेमा त्यस्तो व्यक्तिको हकको सम्पत्ति वा निजको राहदानी रोक्का राख्नको लागि अनुसन्धान अधिकारीले अदालतमा निवेदन दिन सक्नेछ। (२) उपदफा (१) बमोजिम निवेदन परेमा अदालतले फरार रहेको व्यक्तिको हकको सम्पत्ति वा राहदानी रोक्का राख्ने आदेश दिन सक्नेछ।"	- अभियुक्तलाई गरिने कारवाहीको दायरालाई फराकिलो पार्न आवश्यक भएकोले।
६.	दफा ११.	११.<u>दोभाषे, सांकेतिक भाषाविज्ञ वा अनुवादक राख्न सक्नेः</u> यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको काम कारवाहीमा प्रयोग हुने भाषा पीडितले नबुझ्ने भएमा सम्बन्धित अड्डा अदालतको अनुमति लिई निजले दोभाषे, सांकेतिक भाषाविज्ञ वा अनुवादक राख्न सक्नेछ । त्यसरी दोभाषे, सांकेतिक भाषाविज्ञ वा अनुवादक राख्दा लागेको रकममध्ये तोकिए	<u>मूल ऐनको दफा ११ मा संशोधनः</u> मूल ऐनको दफा ११ को सट्टा देहायको दफा ११ राखिएको छः- "११. <u>दोभाषे, सांकेतिक भाषा विज्ञ वा अनुवादक राख्नसक्नेः</u> (१) यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको काम कारवाहीमा प्रयोग हुने भाषा पीडित, आरोपित व्यक्ति वा मुद्दाको साक्षीले नबुझ्ने भएमा निजले दोभाषे, सांकेतिक भाषा विज्ञ वा अनुवादक राख्न सक्नेछ। (२) उपदफा (१) बमोजिम कुनै पीडित, आरोपित व्यक्ति वा मुद्दाका साक्षीले त्यस्तो दोभाषे, सांकेतिक भाषा विज्ञ वा अनुवादक राख्न नसक्ने अवस्थामा नेपाल सरकारका तर्फबाट त्यस्तो	पालेर्मो प्रोटोकलको धारा ६ को उपधारा ३ को खण्ड (ख) बमोजिम न्यायिक तथा मुद्दाको सुनुवाईको प्रक्रियामा पीडितले भाषा नबुझ्ने अवस्था भएमा निजले बुभन सक्ने भाषामा प्रतिरक्षा गर्ने एवम् पीडितको न्यायमा पहुँचमा सहजता ल्याउन आवश्यक भएकोले।

		बमोजिमको रकम सम्बन्धित व्यक्तिको अनुरोधमा नेपाल सरकारले व्यहोर्नेछ।"	सुविधा उपलब्ध हुनेछ। (३) दोभाषे, सांकेतिक भाषा विज्ञ वा अनुवादक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"	
७.	दफा१२.	१२.उद्धार सम्बन्धी कार्यः कुनै नेपाली नागरिक विदेशमा बेचिएको रहेछ भने निजको उद्धार गर्ने व्यवस्था नेपाल सरकारले गर्नेछ।	**मूल ऐनको दफा १२ मा संशोधनः** मूल ऐनको दफा १२ को सट्टा देहायको दफा १२ राखिएको छः- "**१२. उद्धार तथा पुनर्स्थापना सम्बन्धी कार्यः** (१) कुनै व्यक्ति नेपालभित्र मानव बेचबिखन वा ओसारपसारमा परेको सूचना प्राप्त भएमा जिल्ला समितिले प्रदेश समिति र स्थानीय समितिको सहयोग तथा समन्वयमा त्यस्तो व्यक्तिको तत्काल उद्धार गरी निजको पुनर्स्थापनाको लागि राष्ट्रिय समितिसँग समन्वय गर्नु पर्नेछ। (२) उपदफा (१) बमोजिम उद्धार गरिएको व्यक्ति विदेशी नागरिक रहेछ भने त्यस्तो व्यक्तिको व्यवस्थापनको लागि जिल्ला समितिले राष्ट्रिय समितिलाई लेखी पठाउनु पर्नेछ। (३) उपदफा (२) बमोजिम लेखी आएमा राष्ट्रिय समितिले उद्धार गरेको व्यक्ति नेपालमा प्रवेश गर्दाको बखत जुन मुलुकको नागरिक रहेको थियो सोही मुलुक वा जुन मुलुकमा त्यस्तो व्यक्तिको स्थायी बसोबासको अधिकार रहेको थियो सोही मुलुकमा निजलाई फिर्ता पठाउनको लागि नेपाल	- आन्तरिक रुपमा हुने मानव बेचबिखन तथा ओसारपसारबाट पीडितको उद्धार र पुनर्स्थापनालाई व्यवस्थित गर्नुपर्ने भएकोले। -पालेर्मो प्रोटोकलको धारा ७ र ८ बमोजिम पीडितलाई निजको मूलुकमा फिर्ता पठाउन, ल्याउन र निजको मानव अधिकार सुनिश्चित गर्न आवश्यक भएकोले । - संघीय संरचना बमोजिम संघ, प्रदेश र स्थानीय तहमा मानव बेचबिखन तथा ओसारपसारबाट पीडितको पुनर्स्थापना लगायतका सेवाहरूलाई सुनिश्चित गर्ने संयन्त्रको व्यवस्था गर्न आवश्यक भएकोले।

			सरकार समक्ष सिफारिस गर्नेछ। (४) उपदफा (३) बमोजिम फिर्ता पठाउन सिफारिस भएको व्यक्तिलाई नेपाल सरकारले सम्बन्धित मुलुकसँग कूटनीतिक माध्यमबाट समन्वय गरी फिर्ता पठाउनेछ। (५) राष्ट्रिय समितिले मानव बेचबिखन वा ओसारपसारमा परी नेपाल प्रवेश गरेको कुनै विदेशीलाई अध्यागमन सम्बन्धी प्रचलित कानून बमोजिम भिषा शूल्क र जरिवाना छुट गरी सम्बन्धित मुलुकमा फिर्ता पठाउनका लागि गृह मन्त्रालय मार्फत अध्यागमन विभागमा सिफारिश गर्न सक्नेछ। (६) कुनै नेपाली नागरिक विदेशमा मानव बेचबिखन वा ओसारपसारमा परेको जानकारी प्राप्त भएमा राष्ट्रिय समितिले त्यस्तो नेपाली नागरिकको तत्काल उद्धार गर्ने व्यवस्था गर्नु पर्नेछ। (७) उपदफा (६) बमोजिम नेपाली नागरिकको उद्धार गर्दा लाग्ने रकम पुनर्स्थापना कोषबाट बेहोरिनेछ। (८) पीडितको उद्धार तथा पुनर्स्थापना सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।"	

८.	दफा १३.	१३. <u>पुन:स्थापना केन्द्रः</u> (३) उपदफा (२) बमोजिम सञ्चालन भएको केन्द्रलाई नेपाल सरकारले तोकिदिए बमोजिम आर्थिक तथा अन्य सहयोग प्रदान गर्न सक्नेछ।	**<u>मूल ऐनको दफा १३ मा संशोधनः</u> मूल ऐनको दफा १३ को उपदफा (३) मा रहेका "तोकिदिए बमोजिम" भन्ने शब्दहरूको सट्टा "पुनर्स्थापना कोषमार्फत तोकिएबमोजिम" भन्ने शब्दहरू राखिएका छन्।**	पुनर्स्थापना केन्द्र सञ्चालन गरी राज्यको अभिभावकीय दायित्व पूरा गर्न।
९.	दफा १४.	१४. <u>पुनर्स्थापन कोषः</u>(१) दफा १३ को उपदफा (१) बमोजिम स्थापना भएका पुनर्स्थापना केन्द्र सञ्चालन गर्न तथा पीडितलाई कसुरदारबाट ऐनको दफा १७ को उपदफा (१क) बमोजिम पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउनको लागि नेपाल सरकारले एक पुनर्स्थापन कोष स्थापना गर्नेछ ।	<u>**मूल ऐनको दफा १४ मा संशोधनः**</u> मूल ऐनको दफा १४ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः- "(१) पीडितको उद्धार, स्वदेश फिर्ति तथा पुनर्स्थापना गर्न र पुनर्स्थापना केन्द्र सञ्चालनमा सहयोग गर्न एक पुनर्स्थापना कोष रहनेछ।"	- पीडितको उद्धार, स्वदेश फिर्ति तथा पुनर्थापनालाई सहज बनाउन पुनस्थापना कोष स्थापना गर्न आवश्यक भएकोले ।
१०.	दफा १५.	१५.<u>दण्ड सजायः</u> (१) दफा ३ बमोजिमको कसूर गर्ने व्यक्तिलाई देहाय बमोजिम सजाय हुनेछः	<u>**मूल ऐनको दफा १५ मा संशोधनः**</u> मूल ऐनको दफा १५ को,- (१) उपदफा (१) को सट्टा देहाय बमोजिमको उपदफा(१) राखिएको छः-	- मुलुकी अपराध संहिता, २०७४ अनुसार कैद र जरिवानाको अनुपात

		(क) मानिस किन्ने वा बेच्नेलाई बीस वर्ष कैद र दुई लाख रुपैयाँ जरिवाना, (ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउनेलाई कसूरको मात्रा अनुसार दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना, (ग) प्रचलित कानून बमोजिम बाहेक मानिसको कुनै अंग झिक्नेलाई दशबर्ष कैद र दुई लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना, (घ) वेश्यागमन गर्नेलाई एक महिना देखि तीन महिनासम्म कैद र दुई हजार रुपैयाँदेखि पाँच हजार रुपैयाँसम्म जरिवाना। "(ङ) किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले मानिसलाई,– (१) विदेश लैजानेलाई दश	" (१) दफा ३ बमोजिमको कसूर गर्ने व्यक्तिलाई देहायबमोजिम सजाय हुनेछ :- (क) मानिस किन्ने वा बेच्नेलाई बीस वर्ष कैद र चार लाख रूपैयाँ जरिवाना, (ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउनेलाई कसूरको मात्रा अनुसार दश बर्ष देखि पन्ध्र बर्षसम्म कैद र एक लाख रूपैयाँ देखि दुई लाख रूपैयाँसम्म जरिवाना, (ग) प्रचलित कानून बमोजिम बाहेक मानिसको अंग झिक्नेलाई दश वर्ष कैद र चार लाख रूपैयाँ देखि दश लाख रूपैयाँसम्म जरिवाना, (घ) वेश्यागमन गर्नेलाई दुई महिना देखि छ महिनासम्म कैद र पचास हजार रूपैयाँ देखि एक लाख रूपैयाँसम्म जरिवाना, (ङ) किन्ने,बेच्ने वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले कुनै मानिसलाई:- (१)विदेश लैजाने वा विदेशबाट ल्याउनेलाई दश वर्ष देखि पन्ध्र	मिलाउन आवश्यक भएकोले । - सजाय तथा जरिवानालाई समयानुकूल बनाउन आवश्यक भएकोले । - दफा १५ को उपदफा (१) को प्रस्तावित खण्ड (ङ) मा आइसकेकोले।

		वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना र बालबालिका लगेको भए पन्ध्र वर्षदेखि बीस वर्षसम्म कैद र एक लाख रुपैयाँदेखि दुईलाख रुपैयाँसम्म जरिवाना, (२) नेपाल भित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई दश वर्ष कैद र पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना र बालबालिका लगेको भए दश वर्षदेखि बाह्र वर्षसम्म कैद र एक लाख रुपैयाँ जरिबाना । (च) शोषण गर्ने उद्देश्यले दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिम नेपाल भित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई एक बर्षदेखि दुई वर्षसम्मको कैद र विदेश लगेको भए दुई वर्षदेखि पाँच वर्षसम्म कैद, (छ) खण्ड (ङ) र (च) मा	वर्षसम्म कैद र एक लाख रूपैयाँ देखि दुई लाख रूपैयाँसम्म जरिवाना र बालबालिकालाई विदेश लैजाने वा विदेशबाट ल्याउनेलाई पन्ध्रवर्ष देखि बीस वर्षसम्म कैद र दुई लाख रूपैयाँ देखि चार लाख रूपैयाँसम्म जरिवाना, (२)नेपालभित्रको एक ठाँउबाट अर्को ठाँउमा लैजानेलाई पाँच वर्ष देखि दश वर्षसम्म कैद र एक लाख रूपैयाँ देखि दुई लाख रूपैयाँसम्म जरिवाना र बालबालिकालाई त्यसरी लैजानेलाई दश वर्ष देखि बाह्र वर्षसम्म कैद र दुई लाख रुपैयाँ देखि तीन लाख रूपैयाँ जरिवाना, (च) शोषण गर्ने उद्देश्यले दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिम नेपाल भित्रको एक ठाँउबाट अर्को ठाँउमा लैजानेलाई एक वर्ष देखि दुई वर्षसम्म कैद र	- मुलुकी ऐन, २०२० खारेज भई सो व्यवस्था "मुलुकी अपराध संहिता, २०७४ मा लागू भएकोले । यस ऐन बमोजिम अदालतले पीडकको सम्पत्तिबाट पीडितलाई क्षतिपूर्ति भराइदिने व्यवस्था रहेकोले। पीडितको सूचनालाई मौलिक हकको कार्यान्वयनको लागि गोप्य राखी पीडितलाई तथा पीडा दिनबाट संरक्षण गर्नुपर्ने भएकोले।

		लेखिएदेखि बाहेक दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिमको कसूर गर्नेलाई सात वर्षदेखि दश वर्षसम्म कैद, उपदफा (७) र (८)थप।	पचास हजार रूपैयाँ देखि एक लाख रूपैयाँसम्म जरिवाना र विदेश लगेको भए दुई वर्ष देखि पाँच वर्षसम्म कैद र एक लाख रूपैयाँ देखि दुई लाख रुपैयाँसम्म जरिवाना, (छ) खण्ड (ङ) र (च) मा लेखिएदेखि बाहेक दफा ४ को उपदफा (२) को खण्ड (ख), (ग) वा (घ) बमोजिमको कसूर गर्नेलाई सात वर्ष देखि दश वर्षसम्म कैद र एक लाख रूपैयाँ देखि दुई लाख रूपैयाँसम्म जरिवाना, (ज) मानव बेचबिखन वा ओसारपसारको कसूर गर्न दूरुत्साहन, षडयन्त्र वा उद्योग गर्नेलाई वा त्यस्तो कसूरको मतियारलाई सो कसूर गर्दा हुने सजायको आधा सजाय।" (२) उपदफा (६) पछि देहायका उपदफा (७) र (८) थपिएका छन्:- "(७) दफा २५ विपरीत पीडितको वास्तविक नाम, तस्बिर वा अन्य विवरण कुनै पनि माध्यमबाट	

			छाप्ने, प्रचार प्रसार गर्ने वा सार्वजनिक रूपमा प्रकट गर्ने व्यक्तिलाई तीन महिनादेखि छ महिनासम्म कैद वा पचास हजार रुपैयाँदेखि एक लाख पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ। (८) उपदफा (७) मा जुन सुकै कुरा लेखिएको भएतापनि दफा २५ विपरीत पीडित बालबालिकाको वास्तविक नाम, तस्बिर वा अन्य विवरण छाप्ने, प्रचार प्रसार गर्ने वा सार्वजनिक रूपमा प्रकट गर्ने व्यक्तिलाई छ महिनादेखि एक वर्षसम्म कैद वा एक लाख रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।"	
११.	दफा १७.	(१)अदालतले कसूरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निजबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराइदिनु पर्नेछ। उपदफा (१क) पछि उपदफा (१ख) थप।	**<u>मूल ऐनको दफा १७ मा संशोधन</u>**: मूल ऐनको दफा १७ को,- (६)उपदफा (१) मा रहेका "जरिवानाको पचास प्रतिशत बराबरको" भन्ने शब्दहरूको सट्टा "जरिवाना बराबरको" भन्ने शब्दहरू राखिएका छन्। (७) उपदफा (१क) पछि देहायको उपदफा (१ख) थपिएको छः- "(१ख) उपदफा (१) बमोजिम आदेश गर्दा	- पीडितले प्राप्त गर्ने क्षतिपूर्ति रकम न्यून भएको र कसूरदारलाई गरिएको जरिवाना पीडितलाई क्षतिपूर्ति स्वरूप उपलब्ध गराउन। - नेपालको संविधानको धारा २१ को उपधारा (२) र पालेर्मो प्रोटोकल को धारा ६

		(२)उपदफा (१) वा (१क) बमोजिमको क्षतिपूर्तिको रकम लिन नपाउँदै पीडितको मृत्यु भएमा त्यस्तो रकम तोकिए बमोजिम निजको नाबालक छोराछोरीलाई र त्यस्ता छोराछोरी नभए निजमा आश्रित बाबुआमालाई दिइनेछ। (३) उपदफा (२) बमोजिम क्षतिपुर्तितको रकम पाउने पीडितको नाबालक छोराछोरी र आश्रित बाबु आमा नभएमा त्यस्तो रकम दफा (१४) बमोजिमको पुनर्स्थापन कोषमा जम्मा गर्नुपर्नेछ।	पीडितले भोगेको शारीरिक, मानसिक, आर्थिक र सामाजिक क्षति तथा बालबालिका पीडित भएकोमा त्यस्तो बालबालिकाको उच्चतम हित समेत मूल्याङ्कन गरी क्षतिपूर्ति भराइदिने आदेश गर्नु पर्नेछ।" (८) उपदफा (२) मा रहेका "निजको नाबालक छोरा छोरीलाई" भन्ने शब्दहरूको सट्टा "निजको पति वा पत्नीलाई र त्यस्तो पति वा पत्नी नभए निजको छोरा छोरीलाई" भन्ने शब्दहरु राखिएका छन्। (९) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः- "(३) उपदफा (२) बमोजिम क्षतिपूर्तिको रकम पाउने व्यक्ति नभएमा वा क्षतिपूर्तिको रकम पाउने व्यक्ति आफै कसूरदार रहेको, कसूर गर्न सहयोग गरेको वा कसूरमा संलग्न भएको भएमा क्षतिपूर्तिको रकम दफा (१४) बमोजिमको पुनर्स्थापना कोषमा जम्मा गर्नुपर्नेछ।"	को उपधारा (६) बमोजिम पीडितले भोगेको क्षति वापतको क्षतिपूर्ति प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न आवश्यक भएकोले । पीडकबाट पीडितले पाउने क्षतिपुर्तिमा प्रथम हक श्रीमान वा श्रीमतीको हुने र सो नभएमा मात्र छोराछोरीको हक हुने व्यवस्था गर्नु वाञ्छनीय भएकोले र छोराछोरी नभएमा पुनर्स्थापना कोषमा रकम जम्मा गर्दा अन्य पीडितहरूको व्यवस्थापनमा खर्च गर्न उपयुक्त हुने भएकोले।
१२.	दफा २०क.	दफा २०क. थप	**<u>मूल ऐनमा दफा २०क. थपः</u>** मूल ऐनको दफा २० पछि देहायको दफा २०क. थपिएको छः- "**२०क.<u>विवरण गोप्य राख्नुपर्नेः</u>** (१) केन्द्रको संरक्षणमा रहने पीडितको नाम, थर, वतन तथा	पीडित र पीडितका परिवारलाई सामाजिकीकरणमा सहजता ल्याउन।

			निजको पहिचान खुल्ने अन्य विवरण र सो सम्बन्धी अभिलेख समेत केन्द्रले गोप्य राख्नु पर्नेछ। (२) मानव बेचबिखन वा ओसारपसारको मुद्दाको अभियुक्तको पहिचान खुलाउँदा पीडितको पहिचान समेत खुल्न जाने अवस्था भएमा त्यस्तो अभियुक्तको विवरण समेत गोप्य राख्नु पर्नेछ।"	
१३.	दफा २३.	दफा २३.<u>समिति गठन गर्न सक्नेः</u> (१) यस ऐन बमोजिमको कसूर नियन्त्रण गर्ने तथा पीडितलाई पुर्नस्थापना गर्ने सम्बन्धी कार्यमा सरकारी निकाय तथा गैरसरकारी संस्थाबीच समन्वय समेत गर्नका लागि तोकिए बमोजिम नेपाल सरकारले एक राष्ट्रिय समिति र आवश्यकता अनुसार जिल्ला समिति गठन गर्न सक्नेछ।	**<u>"मूल ऐनको दफा २३ मा संशोधनः</u>** मूल ऐनको दफा २३ को उपदफा (१) मा रहेका " आवश्यकता अनुसार जिल्ला समिति गठन गर्न सक्नेछ" भन्ने शब्दहरूको सट्टा "प्रत्येक जिल्लामा जिल्ला समिति गठन गर्नेछ।"	प्रत्येक जिल्लामा जिल्ला समिति गठन गरी मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न।
१४.	दफा २३क., र दफा २३ख.	मूल ऐनमा दफा २३क. र दफा २३ख. थप	**<u>मूल ऐनमा दफा २३क. र दफा २३ख. थपः</u>** मूल ऐनको दफा २३ पछि देहायका दफा २३क. र २३ख. थपिएका छन्:- "**२३क.<u>प्रदेश समितिः</u>** (१) यस ऐन बमोजिमको कसूर नियन्त्रण गर्ने तथा पीडितको उद्धार तथा पुनर्स्थापना गर्ने कार्यमा प्रदेशस्तरको	मानव बेचविखन, ओसारपसार सम्बन्धी अपराधलाई सम्बोधन गर्नका निमित्त संघमा मात्र समिति बनाउनु पर्याप्त नहुने र संघीय संरचनामा यस सवाललाई सम्बोधन गर्न सबै

			सरकारी निकाय तथा गैरसरकारी संस्थाबीच समन्वय गर्नको लागि प्रत्येक प्रदेशमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको विषय हेर्ने सचिवको अध्यक्षतामा प्रदेश समिति गठन हुनेछ। (२) प्रदेश समितिको गठन, बैठक तथा काम कारवाही सम्बन्धी अन्य व्यवस्था प्रदेश कानूनमा व्यवस्था भए बमोजिम हुनेछ र प्रदेश कानूनमा व्यवस्था नभएसम्मको लागि प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी निर्धारण गरे बमोजिम हुनेछ। **२३ख. <u>स्थानीय समितिः</u>** (१) यस ऐन बमोजिमको कसूर नियन्त्रण गर्ने तथा पीडितको उद्धार तथा पुनर्स्थापना गर्ने कार्यमा स्थानीय तहभित्रका सरकारी निकाय तथा गैरसरकारी संस्थाबीच समन्वय गर्नको लागि प्रत्येक स्थानीय तहमा गाँउ कार्यपालिको अध्यक्ष वा उपाध्यक्ष वा नगर कार्यपालिकाको प्रमुख वा उपप्रमुखको अध्यक्षतामा स्थानीय समिति गठन हुनेछ। (२) स्थानीय समितिको गठन, बैठक तथा काम कारवाही सम्बन्धी अन्य व्यवस्था स्थानीय कानूनमा व्यवस्था भए बमोजिम	तहको सरकारलाई जिम्मेवार बनाउन आवश्यक भएकोले ।

			हुनेछ र स्थानीय कानूनमा व्यवस्था नभएसम्मको लागि स्थानीय तहले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी निर्धारण गरे बमोजिम हुनेछ।"	
१५.	दफा २५.	२५. <u>प्रचार प्रसार गर्न नहुनेः</u> (१) कसैले पनि पीडितको स्वीकृति नलिई निजको वास्तविक नाम, तस्बिर वा निजको चरित्रमा प्रतिकूल हुने कुनै विवरण पत्रपत्रिकामा छाप्न वा अन्य सञ्चार माध्यमबाट प्रचार प्रसार गर्न हुँदैन। (२) उपदफा (१) बमोजिम नाम, तस्बीर, विवरण छाप्ने वा प्रचारप्रसार गर्ने व्यक्तिलाई दश हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।	**<u>मूल ऐनको दफा २५ मा संशोधनः</u>** मूल ऐनको दफा २५ को सट्टा देहायको दफा २५ राखिएको छः- "**२५. <u>प्रचार प्रसार गर्न नहुनेः</u>** (१) कसैले पीडितको स्वीकृति नलिई निजको वास्तविक नाम, तस्बिर वा निजको चरित्रमा प्रतिकूल हुने कुनै विवरण पत्रपत्रिकामा छाप्न, अन्य सञ्चार माध्यमबाट प्रचार प्रसार गर्न वा सार्वजनिक रूपमा प्रकट गर्न हुँदैन। (२) उपदफा (१) को प्रयोजनको लागि बालबालिकाले दिएको स्वीकृतिलाई स्वीकृति मानिने छैन।"	- पीडित बालबालिकाको गोपनीयताको हक सुनिश्चित गर्न आवश्यक भएकोले।
१६.	दफा २७	दफा २७ मा संशोधन	**<u>मूल ऐनको दफा २७मा संशोधनः</u>** मूल ऐनको दफा २७ को उपदफा (२) मा रहेका "कानून व्यवसायी" भन्ने शब्दहरू पछि " तथा मनोविमर्शकर्ता" भन्ने	पीडितलाई बयान दिने अनुकूल वातावरण बनाउन र आफूले भोगेका समस्यालाई निर्धक्कसँग

			शब्दहरू थपिएका छन्।	राख्न सक्ने वातावरण बनाउन आवश्यक देखिएकोले।
१७.	दफा २७क.	दफा २७क. थप ।	**<u>मूल ऐनमा दफा २७क. थपः</u>** मूल ऐनको दफा २७ पछि देहायको दफा २७क. थपिएको छः- "**२७क. <u>निगरानीको व्यवस्था गर्नेः</u>** (१) नेपाल सरकारले मानव बेचबिखन तथा ओसारपसारको रोकथाम र नियन्त्रणको लागि अन्तर्राष्ट्रिय सिमाना, अन्तर्राष्ट्रिय विमानस्थलम र मानव बेचबिखन वा ओसारपसार संभावित स्थलमा निगरानीको व्यवस्था गर्नेछ। (२) उपदफा (१) बमोजिम निगरानी गर्दा मानव बेचबिखन वा ओसारपसारको कसूर भएको वा हुन लागेको शङ्का लागेमा निगरानी गर्न खटिएको अधिकारीले सोको सूचना त्यस्तो कसूरको अनुसन्धान गर्ने अधिकारप्राप्त अधिकारी वा नजिकको प्रहरी कार्यालयमा तुरुन्त दिनु पर्नेछ।"	अन्तर्राष्ट्रिय रुपमा हुने मानव बेचबिखनलाई नियन्त्रण गर्न सिमानाकामा हुने निगरानीलाई थप प्रभावकारी बनाउन आवश्यक भएकोले।
१८.	दफा २९क.	दफा २९क. थप	**<u>मूल ऐनमा दफा २९क. थपः</u>** मूल ऐनको दफा २९ पछि देहायको दफा २९क. थपिएको छः- "२९क. <u>निर्देशिका र मापदण्ड बनाउने अधिकारः</u> यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही मन्त्रालयले	ऐन र नियमावलीमा भएका व्यवस्थालाई सहज र स्पस्ट रूपमा कार्यान्वयनमा ल्याउन।

			आवश्यकता अनुसार निर्देशिका वा मापदण्ड बनाउन सक्नेछ।	
१९.		रुपान्तर	मूल ऐनको ठाउँ ठाउँमा रहेका "पुनर्स्थापन कोष" भन्ने शब्दहरुको सट्टा "पुनर्स्थापना कोष" भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ।	शाब्दिक अर्थ प्रष्ट पार्न।